# सोलुदुधकुण्ड नगरपालिकाको आर्थिक ऐन, २०७५

नगरसभाबाट स्वीकृतः २०७५/३/१०

**प्रस्तावना** : सोलु दुधकुण्ड नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्नका लागि कर तथा राजस्व संकलन र राजस्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले तेस्रो नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) यस ऐनको नाम सोलुदुधकुण्ड नगरपालिकाको आर्थिक ऐन , २०७५ रहेको छ ।

(२) यो ऐन, २०७५ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **मालपोल तथा भूमिकर** : (१) नगरक्षेत्र भित्र रहेको भुमिको उपयोग वापतको अनुसुची १ वमोजिमको शुल्क लगाई मालपोत तथा भूमिकर असूल गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क सम्वन्धित वडाले संकलन गर्नेछ ।

३. **मनोरञ्जन कर** : (१) नगरक्षेत्र भित्रका हाट वजार ,मेला ,चलचित्र घर ,सांस्कृतिक प्र्रदर्शन हल ,कर्न्सटमा देखाइने मनोञ्जनजन्य क्रियाकलापहरुमा अनुसुची २ वमोजिकको कर लगाइ मनोञ्जन कर असूल गरिनेछ ।

(२) उपदफा (१) बमोजिम मनोञ्जन कर एकमुष्ट तोकिएकोमा सोही बमोजिम र अन्यमा मनोरञ्जन स्थलको प्रवेशका लागि खरीद गरिने टिकटको मूल्यमा लाग्नेछ ।

(३) यस बमोजिमको करको संकलन कार्य सम्बन्धित वडाले गर्नेछ ।

४. **विज्ञापन कर** : (१) नगरपालिका भित्र विज्ञापन तथा प्रचार सामाग्री राखे वापत अनुसुची ३ बमोजिमको विज्ञापन कर लगाइ असूली गरिनेछ ।

(२) उपदफा (१) वमोजिमको रकम सम्वन्धित वडाहरुले संकलन गर्नेछ ।

५. **घुम्ती पसल कर** : (१) नगरपालिकाका बजारक्षेत्रमा अस्थायी घुम्ती पसल संचालन गर्ने व्यवसायीहरुवाट अनुसुची ४ बमोजिमको कर लगाई घुम्ती पसल कर असूली गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम सम्बन्धित वडाले संकलन गर्नेछ ।

६. **पार्किङ शुल्क कर :** (१) नगरपालिका क्षेत्रका पार्किङ स्थलहरुमा सवारी साधनहरु पार्किङ गरे वापत अनुसुची ५ बमोजिमको कर लगाई सवारी पार्किङ शुल्क कर असूली गरिनेछ ।

(२) उक्त कर रकम वडा तथा नगरपालिकाले संकलन गर्नेछ ।

७. **ढुंगा,गिटी वालुवा कर :** (१) प्रदेश कानूनमा व्यवस्था भए अनुसार नगरक्षेत्र भित्रवाट संकलन गरि विकी गरिने ढुंगा, गिटी बालुवा बापत रकम अनुसुची ६ बमाजिम कर लगाई असूली गरिनेछ ।

८. **घर वहाल कर :** (१) नगरक्षेत्रभित्र रहेका भाडामा लगाईएका घरधनीवाट बहाल अंकमा १२ प्रतिशतका दरले बार्षिक बहाल कर संकलन गरिनेछ ।

(२) उपदफा १ बमोजिमको रकम वडा तथा नगरपालिकाले संकलन गर्नेछ ।

(३) उपदफा १ र २ वमोजिम संकलित रकम नगरपालिकाको संचित कोषमा दाखिला हुनेछ ।

९. **व्यवसाय दर्ता तथा नवीकरण शुल्क** : (१) नगर क्षेत्र भित्र सञ्चालन हुने व्यवसायहरूका लागि व्यवसाय दर्ता शुल्क तथा दर्ता भएका व्यवसायहरुको नवीकरण वापतको व्यवसाय दर्ता तथा नवीकरण शुल्क कर अनुसुची ७ वमोजिम असुल गरिनेछ ।

(२) उपदफा १ वमोजिमको कर रकम सम्वन्धित वडा कार्यालय तथा नगरपालिकाले संकलन गर्नेछ ।

१०. **पर्यटन उद्योग शुल्क :** (१) नगरपालिकोले आफ्नो क्षेत्रभित्रका पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा अनुसुची ८ बमाजिम पर्यटन शुल्क लगाइ असुल गरिनेछ ।

(२) उपदफा १ बमोजिमको पर्यटन शुल्क राजश्व परामर्श समितिले सिफरिस गरे वमोजिम हुनेछ । र त्यस्तो शुल्क सम्बन्धित वडाहरुवाट असूल उपर गरिनेछ ।

११. **सिफारिस शुल्क** : (१) नगरपालिका वा वडाहरुवाट हुने सिफारिसहरुलाई अनुसुची ९ बमोजिमका शुल्क कायम गरि सिफारिस शुल्क संकलन गरिनेछ ।

(२) उपदफा १ बमोजिमको कर सम्बन्धित वडा तथा नगरपालिकाले संकलन गर्नेछ ।

१२. **सेवा संचार उद्योग शुल्क** : (१) नगरपालिका क्षेत्रमा संचालन भएका र हुने संचार सम्वन्धी उद्योगहरुलाई अनुसुची १० बमोजिमको कर लगाई संकलन गरिनेछ ।

(२) उपदफा १ बमोजिमको रकम सम्वन्धित वडा तथा नगरपालिकाले संकलन गर्नेछ ।

१३. **स्वास्थ्य सेवा शुल्क** : (१) नगरपालिका क्षेत्रभित्र नर्सिङहोम,प्राइभेट अस्पताल , स्वास्थ्य क्लिनिक, ल्याव सेवा तथा औषधी पसल संचालनका लागि दर्ता तथा नवीकरण वापतको रकम अनुसुची ११ बमाजिम कर लगाई असूल गरिनेछ ।

(२) उपदफा १ बमोजिमको रकम नगरपालिकाले गर्नेछ ।

१४. **काष्ठ उद्योग शुल्क** : (१) नगरपालिका क्षेत्रमा संचालन हुने काठ चिरानी तथा वनपैदावारमा आधारित उद्योग वा व्यवसायीक संस्था तथा समूहलाई कर लगाइ अनुसुची १२ बमोजिम कर लगाई असूल गरिनेछ ।

(२) उपदफा १ बमोजिमको रकम सम्वन्धित वडा तथा नगरपालिकाले गर्नेछ ।

१५. **इन्धन आयल स्टोर्स दर्ता तथा नविकरण शुल्क** : (१) नगरपालिका क्षेत्रमा संचालने हुने इन्धन आयल स्टोर दर्ता तथा नवीकरण वापत अनुसुची १३ बमोजिम कर लगाई असूली गरिनेछ ।

(२) उपदफा १ वमोजिमको रकम नगरपालिकाले संकलन गर्नेछ ।

१६. **सामुदायिक तथा व्यवसायिक जलविद्युत शुल्क** : (१) नगरपालिका क्षेत्रमा संचालन हुने सामुदायिक तथा व्यवसायिक जलविद्युतका लागि अनुसुची १४ वमोजिमको कर लगाई रकम असूल उपर गरिनेछ ।

(२) उपदफा १ बमोजिमको कर रकम नगरपालिकाले संकलन गर्नेछ ।

१७. **सामुदायिक एफ.एम तथा रेडियो स्टेशन कर** : (१) नगरक्षेत्रमा संचालन हुने सामुदायिक एफ.एम तथा रेडियो स्टेशन दर्ता अभिलेखिकरण तथा वार्षिक नवीकरण वापत अनुसुची १५ बमोजिम कर लगाई असुली गरिनेछ ।

(२) उपदफा १ बमोजिमको रकम नगरपालिकाले संकलन गर्नेछ ।

१८. **वित्तीय संस्थाहरुको शुल्क** : (१) नगरक्षेत्रमा संचालन हुने वित्तीय संस्थाहरुको दर्ता तथा नवीकरण गरे वापत वार्षिक शुल्क लिई वित्तीय संस्थाहरुसँग शुल्क असूली गरिनेछ ।

१९. **गैरसरकारी संस्था दर्ता ,नविकरण तथा कार्यक्रम स्वीकृति शुल्क** : (१) नगर क्षेत्रमा संचालन हुने र भैरहेको गैरसरकारी संस्था दर्ता, नवीकरण तथा उक्त संस्थाहरूको कार्यक्रम स्वीकृति शुल्क अनुसुची १६ बमोजिमको संकलन गरिनेछ ।

२०. **कार्गो ढुवानी शुल्क** : (१) सोलुखुम्वु जिल्लावाट सामान ढुवानी गर्ने कम्पनी फर्मको लागि दर्ता कर  र कार्गो शुल्क कायम गरी अनुसुची १७ बमाजिमको  कार्गो ढुवानी शुल्क संकलन गरिनेछ ।

२१. **कार्यालयको औजार तथा सवारी साधन वाहल शुल्क** : ( १) यस नगरपालिकाको औजार सामाग्री तथा सवारी साधान भाडामा लगाए वापतको रकम कर लगाई असुली गरिनेछ ।

२२. **करका दर वढाउन वा छुट दिन सक्ने** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिकाले आवश्यकता अनुसार र औचित्यताको आधारमा यो ऐन र अन्य प्रचलित कानून वमोजिम लगाईएका दस्तूर र करका दर घटाउन ,वढाउन वा त्यस्तो दस्तूर,शुल्क र कर आंशिक वा पूणरुपमा छूट दिनसक्नेछ ।

(२) उपदफा १ वमोजिम दिईएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छूट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छूट दिइएको दस्तुर ,शुल्क र कर रकम असुल उपर गरी सो वरावर जरिवाना गरिनेछ ।

२३. **दण्ड जरिवाना** : यस ऐनमा उल्लेखित कर रकम  एक आर्थिक वर्षमा नबुझाएमा थप १० प्रतिशत जरिवाना गरी संकलन गरिनेछ साथै यस ऐनको उल्लंगन वापत हुने दण्ड र जरिवानाको व्यवस्था यसै ऐनमा उल्लेख भए बमोजिम र उल्लेख नभएकोमा प्रदेश तथा संघीय कानुन वमोजिम हुनेछ ।

२४. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ बमोजिम संघ तथा प्रदेश सरकारको आर्थिक ऐन बमोजिम तोकिने कर ,दस्तूर र शुल्कका विषयमा सोही बमोजिम कर ,दस्तूर र शुल्क कायम गरी असूल उपर गरिनेछ ।

## अनुसूची - १
(दफा २ सँग सम्बन्धित)

| | **मालपोत तथा भुमिकरसम्बन्धी** | | | | |
|---|---|---|---|---|---|
| क | नगरपालिकाले मालपोत तथा भुमिकर वापत बार्षिक रुपमा एकमुष्ठ रुपमा लिइने न्युनतम कर(एक रोपनीसम्म न्युनतम मानिने) | रु ५० | | | |
| ख | न्युनतम सिममा भन्दा बढी रहेमा (एक रोपनीभन्दा बढी रहेमा) | अब्बल | दोयम | सीम | अन्य |
| | थप हुने रकम प्रति रोपनी | १० | ८ | ७ | ५ |
| ग | मालपोत कार्यालयका लागि गरिने जुनसुकै सिफारिस पत्रको सिफारिस दस्तुर (नामसारी, चारकिल्ला आदी) | रु ५०० | | | |
| घ | बैंक प्रयोजनार्थ मालपोतसम्बन्धी सिफारिस | रु ३०० | | | |
| ङ | जग्गा प्लटिङ्ग सिफारिस प्रति वर्ग फिट(व्यवसायीक प्रयोजनका लागि) | रु १० | | | |

## अनुसूची - २
(दफा ३ सँग सम्बन्धित)

| | **मनोरञ्जन कर** | |
|---|---|---|
| क | सिनेमा हल संचालन गरेमा (वार्षिक) | रु ५००० |
| ख | **स्टेज कार्यक्रम तथा एक्स्पो कार्यक्रम (एक पटकमा)** | |
| अ | स्थानीय संस्थाहरुको लागि | रु ५०० |
| आ | गैरसरकारी संस्थाहरुको लागि | रु २००० |
| इ | व्यवसायिक संस्थाहरुको लागि | रु ५००० |

## अनुसूची - ३
(दफा ४ सँग सम्बन्धित)

| | **विज्ञापन कर** | |
|---|---|---|
| क | मदिरा तथा सूर्तीजन्य बाहेकको विज्ञापनमा | रु ५०० |
| ख | मदिरा तथा सूर्तीजन्य सहितको विज्ञापनमा | रु १००० |
| ग | डिलरमा आधारित व्यवसायिक व्यानरमा(व्यवसायिक प्रचार) | रु १५०० |
| घ | रोडक्रस व्यानर प्रति गोटा (एक हप्ता/महिनाको लागि) | रु १००/५०० |
| ङ | पोल व्यानर प्रति गोटा (एक हप्ता/महिनाको लागि) | रु ५०/२५० |
| च | कुनै खास महत्सोव/जात्रा/प्रतियोगिता/व्यवसायिक होर्डिङ बोर्ड(न.पा. तोकेको स्थानमा) प्रति क्यु फिट | रु ५ |

## अनुसूची - ४
(दफा ५ सँग सम्बन्धित)

| | | |
|---|---|---|
| **१०** | **अस्थायी घुम्ती पसल वापत लिइने कर प्रति दिन** | |
| क | कपडा पसल/ खुद्रा पसल/ भाँडा पसल/घ्यु पसल | रु २५ |
| ख | तरकारी/ फलफुल पसल | रु १० |
| ग | हाँस/कुखुरा बिक्रि प्रति गोटा | रु ५ |
| घ | चौपाया जनावरहरु बिक्रि प्रति गोटा | रु २५ |
| ङ | नाम्लो भकारीजस्ता चोयाबाट बनाइएका बस्तु प्रति गोटा | रु ५ |
| च | खाद्यान्न बिक्रि प्रति बोरा | रु ५ |
| छ | रेडियो घडी जस्ता इलेक्ट्रोनिक्स सामानहरु | रु २० |
| ज | ढिक पसल (सटरहरु वापत) | रु २० |
| झ | अन्य जुनसुकै पसलहरु वापत | रु २० |

## अनुसूची - ५
(दफा ६ सँग सम्बन्धित)

| | | |
|---|---|---|
| | **पार्किङ शुल्क (प्रति दिन)** | |
| क | कार तथा जिपका लागि | रु ५० |
| ख | ट्र्याक्टर | रु ७५ |
| ग | ट्रक तथा बस | रु १०० |
| घ | लहरी, डोजर, स्काभेटर तथा लोडर | रु १५० |

## अनुसूची - ६
(दफा ७ सँग सम्बन्धित)

| | | |
|---|---|---|
| **२२** | **ढुंगा गिटी तथा बालुवा(प्रति घन फिट)** | |
| क | स्रोतबाट संकलन गरेकोमा | रु २ |
| ख | निकासी गरेमा (संकलनमा थप हुने) | रु २ |

# अनुसूची - ७

(दफा ९ सँग सम्बन्धित)

| | **व्यवसाय नविकरण वार्षिक शुल्क** | क | ख | ग | घ |
|---|---|---|---|---|---|
| क | ज्वलेरी पसल | ५००० | ४००० | ३००० | २००० |
| ख | इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल पसल | २५०० | २००० | १५०० | १००० |
| ग | मदिरा तथा सूर्तिजन्य पदार्थ सहितको पसल | ३५०० | ३००० | २५०० | २००० |
| घ | किराना पसल तथा अन्य पसल | १५०० | १००० | ८०० | ५०० |
| ङ | सवारी साधन विक्रेता पसल/ सोरुम | ५००० | ४००० | ३००० | २००० |
| च | हार्डवेयर तथा निर्माण सामाग्री सप्लायर्स | ५००० | ४००० | ३००० | २००० |
| छ | अन्य विविध प्रकारका पसलहरु तथा व्यवसायहरु (जस्तो मर्मत केन्द्रहरु, पुल हाउस, जिम हाउस, मासु पसल लगायत कुनै पनि शिर्षकमा नपरेका व्यवसायहरु) | २००० | १५०० | १००० | ५०० |
| ज | फर्निचर निर्माण गरि बिक्रि गर्ने व्यवसाय | ३००० | २५०० | २००० | १५०० |
| झ | ग्रिल उद्योग | ५००० | ४००० | ३००० | २००० |
| ञ | कुटानी पिसानी मिल | १००० | ७०० | ५०० | ३०० |
| ट | उर्जामुलक उद्योग (वायु ग्याँस, तथा अन्य स्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसाय) | २५०० | २००० | १५०० | १००० |
| ठ | मोटरसाइकल जस्ता दुई पाङ्ग्रे सवारी साधन मर्मत गर्ने वर्कसप | २००० | १५०० | १००० | ५०० |
| ढ | चारपाङ्ग्रे तथा हेभि इक्युपमेन्ट र ट्रयाक्टर जस्ता सवारी साधनहरु मर्मत गर्ने वर्कसप | ३००० | २५०० | २००० | १५०० |

## अनुसूची - ८

(दफा १० सँग सम्बन्धित)

| | **पर्यटन उद्योग वार्षिक शुल्क** | | | | |
|---|---|---|---|---|---|
| अ | होटल, रेष्टुँरा, बार आदी | ५००० | ३००० | २००० | १००० |
| आ | चिया पसल तथा बेकरी पसल | २००० | १५०० | १००० | ५०० |
| इ | जिप, बस काउन्टर | कुनै एउटाको मात्र काउन्टर भएमा रु १५०० र दुई वा सोभन्दा बढी भएका रु २५०० लिइनेछ । | | | |
| ई | ट्राभल एजेन्सी | ३५०० | ३००० | २५०० | २००० |
| उ | तारे होटल, रिसोर्ट आदी | रु १०००० | | | |

## अनुसूची - ९

(दफा ११ सँग सम्बन्धित)

| ६ | **सिफारिस तथा फाराम दस्तुर** | |
|---|---|---|
| क | पेन्सन सिफारिस | रु २०० |
| ख | नेपाली नयां नागरिकता फारामसहित सिफारिस | रु १०० |
| ग | नेपाली नागरिकता प्रतिलिपि फारामसहित सिफारिस | रु १०० |
| घ | अंगीकृत नयां तथा प्रतिलिपि नागरिकता फारामसहित सिफारिस | रु १००० |
| ङ | नागरिकताको लागि नयां तथा प्रतिलिपि फाराम वापत | रु १० |
| च | सर्जिमिन मुचुल्का गर्नु पर्ने सिफारिस (मालपोत, नागरिकता जस्ता कार्यहरुका लागि) | रु १००० |
| छ | बत्ति वा पानीको सिफारिस | रु ५०० |

## अनुसुची १०

**(दफा १२ सँग सम्बन्धित)**

| **त** | **सेवा तथा संचार उद्योग वार्षिक शुल्क** | | | | |
|---|---|---|---|---|---|
| अ | छापाखाना, परामर्श सेवा, फोटोग्राफी जस्ता प्रकृतीका पसलहरु | ५००० | ३००० | २००० | १००० |
| आ | निजि क्षेत्रका सञ्चार स्थापना प्रति टावर | रु ५००० | | | |
| इ | निजि क्षेत्रका मोवाइल सेवा प्रदायक | ५००० | ३००० | २००० | १००० |
| ई | ईमेल तथा इन्टरनेट सेवा प्रदायक संस्था | ५००० | ३००० | २००० | १००० |

## अनुसुची ११

(दफा १३ सँग सम्बन्धित)

| थ | **स्वास्थ्य सेवा** | | | | |
|---|---|---|---|---|---|
| अ | संस्था दर्ता शुल्क | रु १०००० | | | |

## अनुसुची १२

(दफा १४ सँग सम्बन्धित)

| ध | **काठ चिरानी मिल** | | | | |
|---|---|---|---|---|---|
| अ | दर्ता शुल्क | रु ५००० | | | |
| आ | वार्षिक नवीकरण शुल्क | २०००० | १५००० | १०००० | ५००० |
| न | कृषि, पशु, वन्यजन्तु तथा वन पैदावरमा आधारित उद्योग व्यवसायीक संस्था तथा समूह | ३००० | २५०० | २००० | १००० |

## अनुसुची १३

(दफा १५ सँग सम्बन्धित)

| प | **इन्धन आयल स्टोर्स** | | | | |
|---|---|---|---|---|---|
| अ | दर्ता तथा अभिलेखिकरण शुल्क | रु ५००० | | | |
| आ | वार्षिक नविकरण शुल्क | ३०००० | २५००० | २०००० | १५००० |
| फ | भाषा शिक्षण, ट्युसन कक्षा, कम्प्युटर कक्षा जस्ता तालिम कक्षा संचालन गर्ने व्यवसाय | ५००० | ३००० | २००० | १००० |
| ब | वैदेशिक रोजगार सेवा | ५००० | ३००० | २००० | १००० |
| भ | घरजग्गा खरिद बिक्रि सेवा (ब्रोकर सेवा) | ५००० | ३००० | २००० | १००० |

क वर्ग = रु १० लाख भन्दा माथि स्थिर पुँजी भएको
ख वर्ग = रु ५ लाख देखी १० लाखसम्म स्थिर पुँजी भएको
ग वर्ग = रु ३ लाख देखी ५ लाख सम्म स्थिर पुँजी भएको
घ वर्ग = रु ३ लाखसम्म स्थिर पुँजी भएको
माथि उल्लेखित क, ङ, च, झ, द (अ) र प (आ) को लागि देहायबमोजिम हुनेछ ।
क वर्ग = रु ५० लाख भन्दा माथि स्थिर पुँजी भएको
ख वर्ग = रु ३० लाख देखी ५० लाखसम्म स्थिर पुँजी भएको
ग वर्ग = रु १० लाख देखी ३० लाख सम्म स्थिर पुँजी भएको
घ वर्ग = रु १० लाखसम्म स्थिर पुँजी भएको
साथै, प्रत्येक आर्थिक वर्षमा नविकरण दस्तुर नबुझाएमा १० प्रतिशत जरिवाना लाग्नेछ ।

# अनुसुची १४

(दफा १६ सँग सम्बन्धित)

| | | |
|---|---|---|
| **म** | **सामुदायिक जलविद्युत वार्षिक शुल्क** | |
| अ | १०० किलो वाटसम्म | रु १०००० |
| आ | १०० किलो वाटदेखी १ मेगा वाटसम्म | रु ५०००० |
| इ | १ मेगा वाटभन्दा माथि | रु १००००० |
| **य** | **व्यवसायिक जलविद्युत उत्पादन वार्षिक शुल्क** | |
| अ | १०० किलो वाटसम्म | रु २५००० |
| आ | १०० किलो वाटदेखी १ मेगा वाटसम्म | रु ७५००० |
| इ | १ मेगा वाटदेखी २५ मेगावाटसम्म | रु १५०००० |
| ई | २६ मेगा वाटदेखी १०० मेगा वाटसम्म | रु ३००००० |
| उ | १०० मेगा वाटभन्दा माथि | रु ५००००० |

# अनुसुची १५

(दफा १७ सँग सम्बन्धित)

| | | |
|---|---|---|
| **र** | **सामुदायिक एफ.एम. तथा रेडियो स्टेशन** | |
| अ | दर्ता वा अभिलेखिकरण शुल्क | रु ५००० |
| आ | वार्षिक नविकरण शुल्क | रु ३००० |

# अनुसुची १६

(दफा १९ सँग सम्बन्धित)

| | | |
|---|---|---|
| **व** | **गैरसरकारी संस्था सुचिकृत, दर्ता, नविकरण तथा कार्यक्रम स्वीकृती लिनका लागि** | |
| अ | सोलुखुम्बु जिल्लाभन्दा बाहिर दर्ता भई नगरपालिकालाई कार्यक्षेत्र बनाएका संस्थाहरु | रु १०००० |
| आ | सोलुखुम्बु जिल्लाभित्र दर्ता भई नगरपालिकालाई कार्यक्षेत्र बनाएका संस्थाहरु | रु १००० |
| १५ | चिकित्सक, कविराज, ईन्जिनियर, कानुन व्यवसायी, लेखापरिक्षण, दन्त चिकित्सक, अनुसन्धानकर्ता, पशुचिकित्सक आदी जस्ता सेवा प्रदान गर्नेहरुका लागि वार्षिक सेवा शुल्क | रु १००० |

अनुसुची १७

(दफा २० सँग सम्बन्धित)

| | | |
|---|---|---|
| **१६** | **कार्गो व्यवसाय शुल्क** | |
| क | सामान ढुवानी गर्ने कम्पनी ता फर्मको लागि दर्ता शुल्क | रु १५०० |
| ख | सामान ढुवानी गरेवापतको कार्गो शुल्क प्रति के जी | रु १.५० |

मितिः असार १०, २०७५

**प्रमाणीकरण गर्ने,**

**नाम्गेल जाङ्बु शेर्पा**
**नगर प्रमुख**
**सोलुदुधकुण्ड नगरपालिका**
**प्रदेश नं. १**
**नेपाल**